मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ४ गते बिहीबार ❑ 20 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## लोकतान्त्रिक निकासका लागि फागुन २१ को निर्वाचन अनिवार्य छ : प्रधानमन्त्री कार्की

**रासस**

काठमाडौं, ३ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचन राष्ट्रलाई संवैधानिक अनिश्चितताबाट जोगाउने एकमात्र वैधानिक निकास भएको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित सर्वदलीय बैठकमा सम्बोधन गर्दै उहाँले सबै राजनीतिक दललाई समयमै र जिम्मेवारीपूर्वक निर्वाचन प्रक्रियामा सहभागिताका लागि आग्रह गर्नुभयो । प्रधानमन्त्री कार्कीले वर्तमान सरकार युवापुस्ताको जायज आक्रोश र दशकौँदेखिको राजनीतिक बेथितिविरुद्धको आन्दोलनको जगमा भएको अवगत गराउँदै भन्नुभयो, "युवाले एउटा स्पष्ट सन्देश दिए, "अब पुग्यो ! भ्रष्टाचार, कुशासन र पहुँचको राजनीति अब चल्दैन ।" यसै ऐतिहासिक जनादेशमा रहेर तत्कालीन आवश्यकतालाई सम्बोधन गरी राजनीतिक निकास दिनका लागि राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते निर्वाचन घोषणा गर्नुभएको उहाँले बताउनुभयो। "यो घोषणा राष्ट्रलाई संवैधानिक सङ्कटबाट बचाउने र लोकतन्त्रको 'लिक'मा अड्याउने एकमात्र अनिवार्य कदम थियो", उहाँले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले देश निर्णायक मोडमा उभिएको र यो भेला केवल औपचारिकताका लागि नभई लोकतन्त्रको भविष्य सुनिश्चित गर्न उच्च राजनीतिक सङ्कल्प प्रदर्शन गर्ने साझा मञ्च र अवसर भएको धारणा व्यक्त गर्नुभयो । उहाँले लोकतन्त्रको भविष्य सुनिश्चित गर्ने कि यसलाई थप अनिश्चयको खाडलमा धकेल्ने भन्ने प्रश्नको जवाफ आज यहाँ सबैले दिनुपर्ने भएको छ भन्नुभयो।

आगामी फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्नु सरकारको संवैधानिक दायित्व र जनताप्रतिको अटल राजनीतिक प्रतिबद्धता भएको बताउँदै उहाँले संवैधानिक अडानमा कुनै अलमल नभएको स्पष्ट पार्नुभयो । "निर्वाचनको अनिवार्यताका बारेमा पनि हाम्रो प्रतिबद्धता दह्रिलो र स्पष्ट छ", उहाँले भन्नुभयो । निर्वाचनको घोषणापछि पनि कुनैकुनै दलमा राजनीतिको छेउकुनामा देखिएको अन्योल, संसद् पुनःस्थापनाको माग र सरकारको वैधानिकतामाथि प्रश्न उठाउने कार्यले राष्ट्रलाई फेरि अस्थिरताको चक्रमा धकेल्नसक्ने उहाँका भनाइ थियो । "अब संसद् पुनःस्थापनाको अडान लिने हो भने त्यस कार्यले केवल विगतको राजनीतिक दुर्घटनालाई दोहोर्‍याउन खोजेको पुष्टि हुन्छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "तसर्थ हामीले अब राजनीतिक बहसलाई संवैधानिक निकासको बाटो अर्थात् निर्वाचनमा केन्द्रित गर्नुपर्छ ।" लोकतन्त्रमा विश्वास गर्ने शक्तिका लागि निर्वाचनबाट भाग्नु कुनै विकल्प नभएको बताउँदै उहाँले लोकतन्त्रमा विश्वास गर्ने कुनै पनि दलले जनमतको सम्मान नगरी पुनःस्थापनाको कुरा गरेर संवैधानिक दायित्वबाट पलायन नहोस् भनी आग्रह गर्नुभयो।

"लोकतन्त्रका वाहक शक्ति राजनीतिक दल नै हुन् । दलको साथ, सहयोग र सहभागिताबिना चुनावको परिकल्पना पनि असम्भव हुन्छ । म सबै दलहरूलाई विनम्र आग्रहका साथै दृढतापूर्वक भन्न चाहन्छु, मङ्सिर १० गतेभित्र अनिवार्य रूपमा निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि दल दर्ता गराउनुहोस्", उहाँले भन्नुभयो, "यो समयसीमा केवल एउटा प्रशासनिक प्रक्रिया होइन; यो राष्ट्रप्रतिको तपाईंहरूको न्यूनतम राजनीतिक प्रतिबद्धताको कसीमा जाँच हो । दल दर्ता नगर्ने वा निर्वाचन बहिष्कार गर्ने कुनै पनि दलले लोकतन्त्रको रक्षाभन्दा अराजकता रोजेको ठहरिनेछ।"

निर्वाचनको सञ्चारमा राजनीतिक आचार र अभिव्यक्तिमा पनि ध्यान दिनु आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले केही नेताहरूले प्रयोग गर्नुभएका द्वेषपूर्ण शब्दावलीहरूले राजनीतिक र सामाजिक वातावरणलाई दूषित बनाएको गुनासो गर्नुभयो । आचारसंहिताको गम्भीर उल्लङ्घन मान्दै त्यस्ता द्वेषपूर्ण अभिव्यक्ति र 'हेट स्पीच' विरुद्ध तत्काल र सार्वजनिक कारबाही गर्न सरकारले निर्वाचन आयोगलाई पूर्ण सहयोग गर्ने उहाँको भनाइ थियो । उहाँले शब्दहरूको मर्यादा कायम गर्नुपर्ने र राजनीतिमा संस्कार र अनुशासन पनि अनिवार्य हुनुपर्ने बताउनुभयो।

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगको सवलीकरण निर्वाचनका लागि एउटा अनिवार्य शर्त भएको र निर्वाचन आयोगलाई बलियो र प्रभावकारी बनाउन, यसको सदृढीकरणका लागि आवश्यक सबै प्रकारका सहयोग गर्न सरकार तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आयोगले पनि तत्कालै आफ्नो कार्ययोजनालाई तीव्र गतिमा अगाडि बढाएको बताउनुभयो । विगतका निर्वाचनमा देखिएको अनावश्यक खर्च, स्रोतसाधनको दुरूपयोग र कर्मचारी भर्नाको बदनामी रोक्न सरकारले कडाइका साथ निगरानी गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "प्रचारप्रसारको अवधि २१ दिनभन्दा बढी नदिने व्यवस्था मिलाई हामी निर्वाचनलाई मितव्ययी र पारदर्शी बनाउन प्रतिबद्ध छौँ । यो नेपाली नागरिकको करको पैसा हो, यसलाई दुरूपयोग हुन दिइने छैन ।" यो सरकारको मुख्य कार्यदिशा 'सुरक्षा र सुशासन' भएको बताउँदै प्रधानमन्त्री कार्कीले दलहरूको विश्वास पुनःस्थापित नगरी निर्वाचन सफल हुन नसक्ने उल्लेख गर्नुभयो। भर्खरै भएको युवाको विद्रोहले दलाल, विचौलिया, भ्रष्ट, माफियालाई संरक्षण दिने प्रवृत्तिको अन्त्य गर्न आह्वान गरेको उहाँले बताउनुभयो। "हामी यो आवाजलाई पूर्ण रूपमा सम्मान गर्छौं । युवाको असन्तुष्टि केवल कानुन व्यवस्थाको समस्या होइन, यो संरचनागत र राजनीतिक सम्बोधनको माग हो", उहाँले भन्नुभयो । युवाको आक्रोशलाई सरकारले मतपत्रको सकारात्मक ऊर्जामा रूपान्तरण गर्न चाहेको बताउँदै प्रधानमन्त्री कार्कीले सडकको विद्रोहलाई नीति निर्माणको टेबलतर्फ डोर्‍याउन चाहेको उल्लेख गर्नुभयो।

यसैका लागि निर्वाचन प्रक्रियामा युवाको सहभागिता उल्लेख्य वृद्धि गर्न अध्यादेशमार्फत निर्वाचन कानुनमा सुधार ल्याउन लागेको उहाँले अवगत गराउनुभयो । उहाँले आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाको निष्पक्ष र द्रुत अनुसन्धान गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन लागेको बताउनुभयो । प्रधानमन्त्री कार्कीले जवाफदेहिताका लागि राष्ट्रिय सतर्कता केन्द्रलाई सशक्त बनाई सार्वजनिक निकायका कामकारबाहीको निष्पक्षतामाथि सूक्ष्म निगरानी गरिन लागेका बताउँदै 'निर्वाचन प्राथमिकतामा छ भन्नुको अर्थ सुशासनमा मौन छौँ' भन्ने नभएको स्पष्ट पार्नुभयो । भ्रष्टाचार नियन्त्रणमा सरकार दृढताका साथ अगाडि बढेको उहाँको भनाइ थियो । पारदर्शिताका लागि सरकारले विकास निर्माण, सुशासन र सेवा प्रवाहमा सुधारमा भएका ठोस कार्यप्रगतिहरू नियमित रूपमा सार्वजनिक गरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले मेलम्ची खानेपानी आयोजना, बञ्चरे डाँडामा फोहर व्यवस्थापन प्रभावित क्षेत्रका विवाद तथा राहदानी सङ्कट समाधानमा गरिएका पहल सरकारको सुशासनप्रतिको दृढताका उदाहरण भएको उल्लेख गर्नुभयो।

## एन्टिबायोटिक दुरुपयोगको अवस्था भयावह बन्दै

**पोखरापत्र संवाददाता**

पोखरा, ३ मंसिर

पछिल्लो समय एन्टिबायोटिक औषधीको दुरुपयोग बढ्दै गएको भन्दै बिभिन्न सरोकारवालाहरुले छलफल चलाएका छन।

सर्वसाधारणदेखिस्वास्थ्यकर्मीसम्म एन्टिबायोटिकको सजिलै पहुँच, प्रेस्क्रिप्सनबिनै औषधी वितरण, पशुपालन र कृषिमा समेत यसको बढ्दो प्रयोगकका कारण समस्या उत्पन्न हुदै गएको छलफलमा सहभागीहरुले बताएका छन।

पशु सेवा विभागको आयोजना, पशुपन्क्षी रोग अन्वेषण प्रयोगशाला पोखराको संयोजन र खाद्य तथा कृषि संगठन एफ ए नेपालको सहयोगमा आयोजित 'मानवीय व्यवहारसँग जोडिएको जैविक प्रतिरोध' विषयक संवादमा सहभागीहरुले एन्टिबायोटिकको अनियन्त्रित प्रयोगका कारण गम्भीर स्वास्थ्य संकटतर्फ धकेलिँदै गएको बताएका हुन । पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख डा किरण पाण्डेका अनुसार नेपालमा एन्टिबायोटिक दुरुपयोगको अवस्था भयावह बन्दै गएको बताए । पाण्डेका अनुसार डब्लुएचओले सार्वजनिक गरेको सूचीमा नेपाल जोखिममा परेका सय भन्दा धेरै मुलुकमध्ये ५२ औं स्थानमा रहेको छ।



विश्व स्वास्थ्य संगठनले गरेको पछिल्लो अध्ययन अनुसार सन् २०५० सम्म एन्टिमाइक्रोबियल रेजिस्टन्स एमएमआर का कारण प्रत्येक दुई सेकण्डमा १ जनाको मृत्यु हुने देखाएको छ।

सो अवसरमा वोल्दै गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयका डा. रमेश केसीले एन्टिबायोटिक दुरुपयोग नेपालका लागि गम्भीर संकट बन्दै गएको बताए । एन्टिबायोटिक दुरुपयोगका कारण १५ प्रतिशत बिरामीमा औषधीले काम नै नगरेको देखिएको र यसको नियन्त्रण नगरेको खण्डमा स्वास्थ्य खर्च बढ्ने र अकालमा मृत्यु हुनेको दर बढ्ने डा. केसीको भनाइ रहेको थियो । फर्मेसीबाट बिना नियन्त्रण बिक्री, स्थानीय सरकारले पाउने अधिकारमा औषधि व्यवस्था विभागको उदासीनता र जनचेतनाको कमी यस समस्याको मूल कारण बनेको बताउदै केसीले एन्टिबायोटिक नियमन स्थानीय तहमै सशक्त बनाउनुपर्ने बताए । पशु स्वास्थ्य विज्ञ डा. ग्रीष्म न्यौपानेले पशु उपचारमा गलत रूपमा एन्टिबायोटिक प्रयोग हुनुले मानव स्वास्थ्यसम्म असर परेको बताउदै आवश्यक नपर्ने अवस्थामा समेत पशुमा एन्टिबायोटिक प्रयोग भइरहेको बताइ। किसानमा पर्याप्त जानकारी नहुँदा पशुमा खोपको दुरुपयोग भइरहेकाले यसबारेमा सचेतना फैल्याउन आवश्इक रहेको उनको भनाइ रहेको थियो।

मानवशास्त्री अर्जुन पोखरेलले नेपालको कृषि, स्वास्थ्य र जनजीवनमा एन्टिबायोटिकको दुष्प्रभाव गहिरिँदै गएको बताउदै माटो, मल, रासायनिक विषादी र मानवनिर्मित प्रवृत्तिले वातावरणमै एन्टिबायोटिक अवशेष फैलिने गरेको बताए । विद्यालय स्तरको पाठ्यक्रममा एन्टिबायोटिक शिक्षा अनिवार्य गर्नुपर्ने उनको भनाइ रहेको थियो। उपभोक्ता मन्च कास्कीको तर्फबाट अधिवक्ता मीना रानाभाटले एन्टिबायोटिक प्रतिरोधले उपभोक्ता अधिकारमै धक्का पुर्‍याइरहेको बताइन् । उपभोक्तालाई कृषि, पशुपालन र मानव स्वास्थ्यका जोखिमबारे सहज पहँचमै सूचना दिइनुपर्ने र स्थानिय तह सम्म सूचना प्रवाह नगरेसम्म समस्या बढ्ने उनको भनाइ थियो।

प्रेस काउन्सिल नेपालका सदस्य पत्रकार केशव शरण लामिछानेले एन्टिबायोटिकबारे गलत धारणा, झुट्टा प्रचार र भ्रमपूर्ण सूचना चिर्न मिडियाको जिम्मेवारी बढेको बताए । संवादको सहजीकरण पत्रकार सञ्जयकुमार मल्लले गरेका थिए।

## निषेधित क्षेत्रमा विदेशी पर्यटक जान पाउने व्यवस्था गर्न टानको माग

**रासस**

काठमाडौं, ३ मंसिर

पर्वतीय पदयात्रा व्यवसायीहरूको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)ले निषेधित क्षेत्रको पदयात्रामा एक जना मात्र विदेशी पर्यटक जान पाउने व्यवस्था गर्न माग गरेको छ।

टानका महासचिव सोनाम ग्याल्जेन शेर्पाले आज एक विज्ञप्ति जारी गरी निषेधित क्षेत्रको पदयात्राका लागि कम्तीमा दुई जनाको समूहमा मात्र विदेशी पर्यटक जान पाउने हालको व्यवस्थालाई परिवर्तन गरी एक जना मात्र जाने व्यवस्था गर्न सरकारलाई आग्रह गर्नुभयो।

टानले सङ्घीय सरकारको मङ्गलबारको मन्त्रिपरिषद्को निर्णयबमोजिम अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गरी माथिल्लो मुस्ताङ क्षेत्रमा पदयात्रा गर्न जाने विदेशी नागरिकका लागि पदयात्रा अनुमति दस्तुर प्रतिव्यक्ति ५० अमेरिकी डलर कायम गरेकोप्रति सरकारलाई धन्यवादसमेत दिएको छ।

टानका अध्यक्ष सागर पाण्डेले सडक सञ्जालको निर्णयका कारण निषेधित क्षेत्रमा गरिने पदयात्राको अवधि छोट्टिएका कारण पर्यटकले निषेधित क्षेत्रमा बिताउने वास्तविक दिनका आधारमा पदयात्रा अनुमति दस्तुर लिने व्यवस्था टानले लामो समयदेखि उठाउँदै आएको जानकारी दिनुभयो।

माथिल्लो मुस्ताङजस्तै माथिल्लो डोल्पा क्षेत्रको पदयात्रामा जाने पर्यटकलाई पनि पदयात्रा अनुमतिपत्र लिनुपर्ने हालको नियमलाई परिमार्जन गरी पर्यटकको वास्तविक बसाइँ अवधिका आधारमा शुल्क लिने व्यवस्था मिलाउन उहाँले सरकारसँग आग्रह गर्नुभयो।


### चिसो मौसममा सुरक्षित रहौं।


चिसो मौसममा:

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# माथिल्लो मुस्ताङ जान विदेशीलाई दैनिक ५० डलर शुल्क

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ मंसिर

नेपाल-चीन उत्तरी कोरला नाकासँग सिमाना जोडिएको उपल्लो मुस्ताङ भ्रमण गर्ने विदेशी नागरिकका लागि दैनिक ५० अमेरिकी डलर शुल्क लाग्ने भएको छ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै उक्त जानकारी दिनुभयो । उहाँले अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गर्ने गरी उक्त निर्णय गरिएको बताउनुभयो । उक्त निर्णयसँगै उपल्लो मुस्ताङ भ्रमण गर्ने विदेशी नागरिकले अब १० दिनको पदयात्रा अनुमतिका लागि एकमुष्ट ५०० अमेरिकी डलर बुझाउने पर्ने बाध्यता हटेको छ। अब मुस्ताङ भ्रमण गर्ने विदेशीले माथिल्लो मुस्ताङमा जतिदिन बस्छन् त्यति दिनको मात्रै पैसा तिरे पुग्नेछ। यसअघि माथिल्लो मुस्ताङ प्रस्थान गर्ने विदेशी पर्यटकले कम्तीमा १० दिनका लागि ५०० अमेरिकी डलर पदयात्रा शुल्क बुझाउनुपर्ने व्यवस्था थियो । माथिल्लो मुस्ताङमा १० दिनको एकमुष्ट पदयात्रा शुल्क तिरेर गएका विदेशी नागरिकहरुले १० दिन कटेपछि प्रतिदिन प्रतिव्यक्ति ५० डलर शुल्क बुझाउँदै आएका थिए । लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले आफूहरुको माग माथिल्लो मुस्ताङलाई निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीबाटै हटाउनुपर्ने माग रहेपनि सरकारको उक्त निर्णयले आशिंक रुपमा भए पनि माग सम्बोधन भएको बताउनुभयो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले पनि सरकारको उक्त निर्णय सकारात्मक भएको बताउनुभयो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गतको उपल्लो मुस्ताङ क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीमा राखेको छ । त्यहाँ जाने विदेशी पर्यटकहरुका लागि पदयात्रा शुल्क महँगो भएकाले अधिकांश विदेशी पर्यटकहरु कागबेनी र मुक्तिनाथबाट फर्किने गरेका थिए। बर्सेनि झण्डै डेढ लाख विदेशी पर्यटक मुस्ताङ भित्रिदा करिब तीन वा चार प्रतिशत मात्रै विदेशी पर्यटक माथिल्लो मुस्ताङ जाने गरेका थिए।

# आर्वाको महाप्रभुधाममा शतबीज छरियो

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



पोखरा महानगरपालिका वडा नं १३ मा अवस्थित महाप्रभुधाममा बुधबार शतबीज छरिएको छ।

दुई शताब्दीभन्दा अघिदेखि धार्मिक आस्था र विश्वासको केन्द्र बन्दै गएको महाप्रभुधाममा प्रत्येक वर्ष बाला चतुदर्शीका दिनमा शतबीज छर्ने परम्परा अनुसार यहाँ शतबीज छरिएको छ। बालाचतुर्दशीका अवसर पारी आजै श्री महाप्रभुधाम पर्यटकीय क्षेत्र विकास समितिद्वारा रुद्राभिषेक, राष्ट्रिय खुल्ला भजन प्रतियोगिता तथा महाआरती कार्यक्रम समेत राखिएका कारण बिहानैदेखि भक्तजनहरूको ठूलो उपस्थिति रहेको समितिका अध्यक्ष नवराज बरालले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्ला वर्षमा पोखरा र आसपासका क्षेत्रबाट ठूलो संख्यामा भक्तजनहरू शतबीज छर्नका लागि आउने गरेका छन् । महाप्रभुधामलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ यहाँको बिस्तृत आयोजना प्रतिवेदन(डिपिआर) तयार गरिसकिएको पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालले जानकारी दिनुभयो । विस्तृत आयोजना प्रतिवेदन अनुसार यहाँको समग्र विकासका लागि करिब १२ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ । पोखरा उपत्यकाको दृश्यावलोकनसहित अन्नपूर्णदेखि लमजुङ हिमालसम्मका रमणीय दृश्य एकसाथ नियाल्न पाउनुका साथै ऐतिहासिक एवं धार्मिकस्थल पनि प्रत्यक्ष अवलोकन गर्न सकिने भएकाले यहाँको महत्व अझै बढेको समितिका उपाध्यक्ष सूर्यप्रसाद बरालले बताउनुभयो। यसैबीच बालाचतुर्दशीका अवसरमा महाप्रभुधाम रतनपाण्डे पर्यटकीय क्षेत्र विकास समितिले आयोजना गरेको राष्ट्रिय खुल्ला भजन चुड्का प्रतियोगितामा माछापुच्छ्रे सेवा समाज, हेमजा प्रथम, धर्मस्थली भजन समूह मालेपाटन द्वितीय, विश्व हिन्दु महासंघ, चाउथे तृतीय र ज्येष्ठ नागरिक समूह छिनेडाँडा सान्त्वना भएका छन् । त्यस्तै उत्कृष्ट नृत्यमा महाप्रभुधाम रतनपाण्डे समूहका मनिका भुजेल पुस्कृत बन्नुभएको छ । कुल आठ वटा समूह सहभागी भएको प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नेलाई क्रमशः ५० हजार, ३० हजार, १५ हजार र पाँच हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्रदान गरियो । उत्कृष्ट नृत्य गर्नेलाई तीन हजार र सहभागी सबै लाई प्रोत्साहन स्वरुप दुई/दुई हजार रुपैयाँ प्रदान गरिएको समितिका सचिव भोजराज बरालले जानकारी दिनुभयो । सल्लाहकार शिरोमणि बरालका अनुसार समुन्द्री सतहबाट एक हजार ३३५ मिटर उचाइमा रहेको यो स्थानमा प्राचीन कालमा स्वर्गद्वारी बाट आउनुभएका महाप्रभुहरूले कोटि होम सहित महायज्ञ सम्पन्न गरेसँगै त्यही समयदेखि यो स्थानलाई महाप्रभुधामका रुपमा लिने गरिएको छ।

# ली-बर्डको अनुगमन

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



नेपालमा ली बर्डले कास्कीको मादी गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकामा तयार पारिएको ट्राईको गडयौली मल उत्पादनको संयुक्त अनुगमन सम्पन्न गरेको छ।

मंगलबार र बुधबार २ दिन भएको अनुगमनमा मादी गाउँपालिकामा वडा ३ र ४ त्यस्तै माछापुच्छ्रे गाउँपालिकाको ३,४,६ वडाका २ सय २५ किसानले तयार पारेको ट्राईको गडयौली मलको अनुगमन गरिएको परियोजनाका बरिष्ठट कार्यक्रम अधिकृत अनुपम उप्रेतीले बताए।

नेपालमा प्राकृतिक स्रोतको उपयोग मार्फत उद्यम विकास र उत्थानशिलता प्रबर्द्धन (प्रेरणा) परियोजना अन्तरर्गत बिगत १ बर्ष देखि कास्कीका २ पालिकामा (प्रेरणा)परियोजना सञ्चालनमा रहेको कार्यक्रम अधिकृत उप्रेतीले उल्लेख गरे । कार्यक्रममा आार्थिक सहयोग वेयर फाउनडेसन र कार्यनवयन संस्थाहरु आई डी ईआडिई नेपाल र लीलि बवर्ड रहेकारहेको छन्। (प्रेरणा) परियोजनाले प्राङ्गघारिक मल ट्राईको गडयौली मल उत्पादन र प्रबर्द्धन गर्न सहयोग पुगेको र रसायनिक बिषदी मलको प्रयोग घटाउनुका साथै साना किसानको बालीलि उत्पादनमा र आयआर्जनमा बृद्धि भएको लीलि बर्डका मार्केटिङ्ग सुपरभाईजर टुक प्रसाद शर्माले बताए । मादी गाउँपालिकामा भएको अनुगमन कार्यक्रममा तारकाङ कृषि सहकारी संस्था, थुमाकोडाँडा साना किसान कृषि सहकारीको सहाभागिता रहेको थियो । अनुगमनमा मादी गाउँपालिकाका वडा अध्यक्ष देविजङ्ग गुरुङ, उपाध्यक्ष कल्पना गुरुङ, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारी, वडा ३ का वडा अध्यक्ष विकास गुरुङ,४ वडा ४ का अध्यक्ष शिव प्रसाद सापकोटा, तारकाङ कृषिकृर्षि सहकारीका अध्यक्षसेवा केन्द्रका बुद्धि सागर सापकोटा, थुमाकोडाँडा साना किसान कृषि सहकारीका अध्यक्ष देवी गुरुङ लगाएतको सहभागिता रहेको थियो।

सोहि परियोजनाले पोखरा १८ सराङकोटमा रहेको ठोटने खोला सामुदायिक बन उपभोक्ता समुहमा प्राङ्घारिक पर्दाथहरुलाई संकलन गरि ट्राईको गडयौली मल उत्पादन समेत गरिरहेको छ।

# खानेपानी संस्थानमा मिटर मापन तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर




नेपाल खानेपानी संस्थान प्रधान कार्यालयले संस्थानका विभिन्न शाखाका कर्मचारीलाई २ दिने पानी मापन मिटर व्यवस्थापन तथा परीक्षण तालिम प्रदान गरेको छ।

तालिम शाखा प्रमुख ई.बुद्धरत्न महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा २२ प्रशिक्षार्थीलाई जलेश्वर शाखाका निमित्त प्रमुख सुरेन्द्रकुमार साह, नेपाल खानेपानी संस्थान विन्ध्यवासिनी इकाई कार्यालयका प्रमुख लक्ष्मण पाण्डे र पोखरा शाखाका सिमिरि विमल तिल्सिनाले प्रशिक्षण दिएका थिए । जाईकाका प्रतिनिधि मियो सानले समेत प्रशिक्षण दिँदै प्राविधिकरुमा कर्मचारीलाई दक्ष बनाउन सकेमात्र उपलब्धी हुनेमा जोड दिएका थिए । तालिम समापन समारोहमा प्रशिक्षक सुरेन्द्रकुमार साहले तालिममा सिकेको सीपलाई सदुपयोग गर्न आग्रह गरेका थिए।

सहभागिको तर्फबाट हेम्जा शाखाका कर्मचारी प्रधुम्न बस्नेतले तालिम फलदायि भएको बताएका थिए । पोखरा शाखाका प्रशासन प्रमुख विष्णुप्रसाद रेग्मीले सञ्चालन गरेको सभामा सहभागिलाई प्रमाणपत्र प्रदान गर्दै तालिम शाखा प्रमुख बुद्धरत्न महर्जनले खानेपानी संस्थानले क्रमैसँग विभिन्न तहमा कार्यरत कर्मचारीलाई तालिम प्रदान गरिरहेको बताए । महर्जनले उपभोक्तालाई बुझाउन सहज र सरल जनशक्ति निर्माणको लागि तालिम प्रभावकारी हुने उल्लेख गरे।

पोखरा शाखा कार्यालयको सभाहलमा सम्पन्न तालिमले कर्मचारीलाई टेक्निकल र सुपरीवेक्षणमा सहज पुग्ने बताएका महर्जनले आगामी दिनमा सिकेको सीपलाई व्यवहारमा उतार्न आग्रह गरेका थिए । तालिममा नेपाल खानेपानी संस्थान पोखरा शाखाका लेखा प्रमुख पुष्पराज जोशी, बजेट शाखाका प्रमुख दिपेश्वर मण्डल र प्रधान कार्यालयका कर्मचारी निशा प्रधानाङ्ग लगायतले तालिममा सहजीकरण गरेको पोखरा शाखाका कर्मचारी वसन्तराज भण्डारीले जानकारी दिए।

# पत्रकार धनबहादुर गुरुङ 'सुमन' युवा पत्रकारिता पुरस्कारबाट सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३ मंसिर



पोखराका युवा पत्रकार धनबहादुर गुरुङ 'सुमन' मेजर लक्ष्मीप्रसाद/हुमकुमारी गुरुङ एमबिओ बिइएम टुजिआर युवा पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन्।

आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीले बुधबार पोखरामा आयोजना गरेको कार्यक्रममा फोनिजका संघीय सचिव एमबी आस्थामगरले उनलाई नगद र समानपत्रसहित सम्मान अर्पण गरेका हुन् । पुरस्कार दाता मेजर लक्ष्मीप्रसाद र हुमकुमारी गुरुङको ५२ औं वैवाहिक वार्षिकोत्सवको अवसरमा पुरस्कार प्रदान गरिएको हो।

पुरस्कार अर्पणपछि गुरुङले पत्रकारिता क्षेत्रमा लाग्नका लागि प्रेरणा मिलेको बताए । आगामी दिनमा दृढताका साथ अघि बढ्न प्रेरित गर्ने उनको भनाइ थियो । 'पत्रकारिता केवल पेशा होइन, यो समाजको धड्कन सुन्ने कला हो । कहिले कठोर, कहिले कोमल, कहिले विवादास्पद तर सधैं नै सत्यतर्फ उन्मुख यस बाटोमा थुप्रै अवरोध, थुप्रै चुनौती आउँछन्,' उनले भने, 'तर आज यो सम्मानले मलाई भन्छ अझ दृढताका साथ अघि बढ्न प्रेरित गरेको छ ।' फोनिजका संघिय सचिव एमबी आस्थाले पुरस्कारले पत्रकारिता क्षेत्र धार ासायी बन्दै गइरहेको अवस्थामा पुरस्कारले हौसला प्रदान गर्ने बताए। 'पत्रकारिताको बाटो कता जाने हो भन्नेमा अन्योलता छाइरहेको पछिल्लो अवस्थामा समाजका केही प्रतिष्ठित व्याक्तिहरु पत्रकारको हौसलामा हातेमालो गर्न आइदिनुहुँदा खुसी लाग्छ,' उनले भने, ' आज मेयर लक्ष्मीप्रसाद गुरुङले आफ्नो वैवाहिक वर्षगाँठको अवसरमा स्थापना गरिदिनुभएको अक्षयकोषले थप बल दिएको छ ।' जेनजी आन्दोलनपछि पत्रकारहरुको कमल र क्यामेरा अझ शसक्त रुपमा चलाउने पर्ने अवस्था आएका उनले सुनाए।

पुरस्कारको अक्षयकोषदाता मेजर लक्ष्मीप्रसाद गुरुङले धेरै अक्षयकोष स्थापना गरिसकेको अवस्थामा पछिल्लो समय पत्रकारहरुसँग पनि जोडिन पाउँदा खुसी लागेको बताए। आगामी दिनमा अक्षयकोष वृद्धि गर्दै पुरस्कार राशी बढाउने उनको प्रतिवद्धता थियो । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछाने, फोनिजका संघिय सल्लाहकार शान्ति गुरुङलगायतले पुरस्कारदाता मेजर गुरुङ र सम्मानित व्याक्ति पत्रकार गुरुङको सत्कर्मको प्रशंसा गर्दै शुभकामना दिएका थिए। फोनिज गण्डकी र कास्कीका सल्लाहकार हुमबहादुर गुरुङले सम्मानित व्याक्ति परिचय गराएका थिए।

सम्मानित गुरुङले २०६८ सालमा रेडियो सराङकोटबाट कार्यक्रम प्रस्तोता र हिमचुली एफएमबाट प्राविधिकका रूपमा सञ्चार क्षेत्रमा प्रवेश गरेका थिए। त्यसपछि उनी एफएम रेडियो हुँदै अनलाइन तथा पत्रपत्रिकामा सक्रिय रहेर पत्रकारिता गर्दै आएका छन्। हाल उनी समाधान दैनिक, एबिसी टिभी र राष्ट्रिय समाचार समिति (रासस) सँग आबद्ध छन् । पत्रकारिताका विधागत संघसंस्थामा पनि गुरुङले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन्। उनी नेपाल पत्रकार महासंघ कास्कीमा सह-सचिव, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीमा उपाध्यक्ष, नेपाल प्रेस युनियन कास्कीमा सचिव र नेपाल फोटो पत्रकार संघ कास्कीमा सचिव पदमा कार्यरत छन् । यसअघि उनी युवा तथा खेलकुद मन्त्रालयबाट खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार २०७९ बाट पनि सम्मानित भइसकेका छन्।

# तनहुँमा बोलेरो जिप दुर्घटना : एकको मृत्यु पाँच जना घाइते

रासस
तनहुँ, ३ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिका-३ आँबुगाउँस्थित भित्री सडकखण्डमा जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

दुर्घटनामा परी गम्भीर घाइते भएका चितवन जिल्ला इच्छाकामना गाउँपालिका-५ निवासी वर्ष ३१ का पुष्पलाल श्रेष्ठको उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

उक्त दुर्घटनामा परी पाँच जना गम्भीर घाइते भएका छन् । धार्मिक पर्यटकीयस्थल छिम्केश्वरीबाट आँबुखैरेनीतर्फ आउँदै गरेको बोलेरो जिप सडक छेउमा पल्टिएको प्रहरीले जनाएको छ। से१च ६५१ नम्बरको बोलेरो गाडीमा सवार ११ जनामध्ये पाँच जना सकुशल रहेको प्रहरी नायब उपरीक्षक विकले जानकारी दिनुभयो। अन्य घाइते हुनेमा चितवन इच्छाकामना गाउँपालिका-२ बस्ने २० वर्षीया दोमाया गुरुङ, सोही स्थान निवासी २६ वर्षीय जीतबहादुर गुरुङ, १६ वर्षीया भावना गुरुङ, २५ वर्षीय अचित गुरुङ र कालिका नगरपालिका-८ निवासी वर्षीया ३४ की सरस्वती गुरुङ घाइते भएका छन् । घाइतेहरूको आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# संविधान प्रदत्त अधिकार नखोस

वाराको परवानीपुरमा आयोजना गरिएको युवा जागरण सभामा जान लाग्दा सिमरामा एमाले महासचिव शंकर पोखरेलसहितका नेताहरूलाई लक्षित गर्दै जेनजी समूहले निषेधात्मक प्रचार गरेर कार्यक्रम हुन नदिने दुष्प्रयास गरे।सरकार समर्थित जेनजीले गरेको निषेधको रवैयाका कारण चुनावको वातावरणमा तनाव सिर्जना गरेको छसिमरा घटनाले राजनीतिक शून्यता र सुरक्षा खतरा बढ्ने सम्भावना देखाएको छ जसले फागुनमा चुनाव गराउन सरकारका लागि चुनौती थपेको छ । चुनावको मार्गचित्रमा देश हिँडाउने राष्ट्रिय लक्ष्यलाई सिमरामा भएको गतिविधिले बाधा पुयाएको छ। बुधबार सिमरा विमानस्थल हुँदै बारा परवानीपुरको कार्यक्रममा पुग्न चाहेका एमाले महासचिव शंकर पोखरेलसहितका नेता लक्षित जेनजीको एक समूहले मंगलबारदेखि नै निषेधात्मक प्रचार गर्दै थियो । विमानस्थल जस्तो अति संवेदनशील क्षेत्रमा उत्पन्न तनाव, कर्फ्यू, त्यसपछिका सबै घटनाक्रमले दलहरूलाई संविधानप्रदत्त अधिकार खोसिन खोजेको त होइन भन्ने आशंका जन्माएको छ। जेनजीको नाममा कुनै पनि समूहले दलविशेषलाई लक्षित गर्दै निषेधको बाटो रोजे भने सम्बन्धित दलबाट कुनै पनि खालको प्रतिवाद हुनसक्छ।

एमाले आधुनिक नेपालको निर्माणमा विगतदेखि नै भूमिका खेलेको एउटा पार्टीका रूपमा स्थापित छ । पटकपटक सरकारको नेतृत्व गरेको छ छ जनताको मतबाट चुनिएर।जनमतमा कहिले ठूलो, सानो भए पनि एमाले, कांग्रेसलगायत पार्टीहरू नेपाली समाजको तृणमूल तहसम्म छन्। हिँडडुल, सभा-सम्मेलन गर्न पाउने उनीहरूको हक, अनि जनताको ठूलो तप्काको मत, आशा-भरोसा सहितको जिम्मेवारीबोध उनीहरूसँग छ। जेनजीको नाममा एउटा समूहले एमाले नेताहरूलाई बारामा त्यही संविधानसम्मत हक प्रयोग गर्न रोक लगाउन खोजेको छ। जेनजीले सोचुन्- यस्तै छेकबार एमाले, कांग्रेस वा कुनै दलले उनीहरू वा अर्को समूहलाई लगाउन खोजे भने कस्तो स्थिति आउला ?

जेनजीहरूले ठूलो आन्दोलनका बीच पनि संविधानको रक्षा गरेका छन् । हामीले संविधानको रक्षा गऱ्यौं भने संविधानले पनि हाम्रो रक्षा गर्छ। जेनजी समूहका नाममा एमालेलाई कार्यक्रम गर्नै नदिने शैली उपयुक्त छैन। दल विशेषलाई संविधानप्रदत्त हिँडडुल गर्न नदिएर चुनावको वातावरण बनाउन सकिँदैन। समयमा चुनाव गराउने प्रत्याभूति कायम नरहेका दिन यो सरकारको औचित्य र विश्वसनीयता तत्क्षणमै समाप्त हुनेछ। मधेश सरकार गठनका बेलादेखि सिमरा विमानस्थलसम्म हेर्दा प्रदर्शनकारीको साझा प्रवृत्ति देखिएको छ- प्रहरी, कर्मचारीमाथि आक्रमण गरिहाल्ने। केही दिनअघि मधेसका सांसदले पुलिस र कर्मचारी कुटे, राष्ट्रिय झण्डा फ्याँक्ने काम गरे। भौतिक संरचना फुटाए। अराजकता देखाए।

कुनै बेला मधेशी मोर्चाका नेताहरू एमालेमुक्त मधेश बनाउने नारा दिने गर्थे। उनीहरूले मधेश सरकारमा एमालेका मुख्यमन्त्री अनि संघीय सरकारमा पटक-पटक एमालेसँग सहकार्य गरिसकेका छन्। राजनीतिमा स्थायी सत्रु र मित्र हुँदैन। मधेशी क्षेत्रीय दलका नेताहरूले आन्दोलनका नाममा गरेको निषेध आज इतिहास भइसकेको छ। जेनजीले निकट विगतको अनुभवबाट शिक्षा लिनुपर्छ। एमाले, कांग्रेस जस्ता दलहरू संस्थागत रूपमा बलियो बन्नलाई पनि त्यहाँ भित्र गतिशील नेतृत्व आउनुपर्छ भन्ने समयको माग हो, जसलाई नेतृत्वहरूले बेवास्ता गर्न खोजेका छन्।

एमाले जस्तो जिम्मेवार पार्टीले संविधानसम्मत अधिकारका लागि जोडतोडले बोल्न पाउँछ ।सुशीला कार्की नेतृत्वको यो सरकार युवा क्रान्तिपछि बनेको सरकार हो, तर यो सरकार क्रान्तिकारी सरकार होइन। यो त पूरा तटस्थ सरकार हो। यो नागरिक सरकार हो, जसको काँधमा फागुन भित्र चुनाव सकेर नयाँ निर्वाचित सरकारलाई कार्यभार सुम्पिने दायित्व छ। तर, सरकारमा अनि जाँचबुझ आयोगमा रहने केही पात्रहरूको अभिव्यक्ति सुन्दा यस्तो लाग्छ- उनीहरूले दिग्विजय गरिसके। सडकमा उत्तेजना सुहाउँछ, शासनमा होइन। चुनाव आउन १०० दिनजति बाँकी छँदासम्म दलहरूसँग प्रभावकारी सञ्चार हुन सकेको छैन। परस्पर अविश्वास छ। कतिपय नेताहरू ठान्छन्- यति धेरै अविश्वास र आशंका राखेर नेतृत्वमा बस्नेले कसरी समयमा शान्तिपूर्ण चुनाव गराउला भनेर पत्याउनु ? दल विशेषलाई संविधानप्रदत्त हिँडडुल गर्न नदिएर चुनावको वातावरण बनाउन सकिँदैन। समयमा चुनाव गराउने प्रत्याभूति कायम नरहेका दिन यो सरकारको औचित्य र विश्वसनीयता तत्क्षणमै समाप्त हुनेछ। सरकार र सरकार समर्थित समूह बीचमा समन्वय र सहकार्य आवश्यक छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# बुल्दीखोलामा धमाधम पक्की पुल निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ मंसिर

व्यास नगरपालिका-३ देउरालीनगर र व्यास-१ को भादगाउँ जोड्न बुल्दीखोलामा धमाधम पक्की पुल निर्माण भइरहेको छ।

तीन वर्षअघि निर्माण सम्पन्न गरिसक्नुपर्ने पुलको ३७ प्रतिशतमात्र काम पूरा भएको छ । पूर्वाधार विकास कार्यालयका इन्जिनियर रवीन्द्र तिवारीका अनुसार निर्माण कम्पनीले गुणस्तरहीन काम गरेको २५ मिटर लामो पुलको गडरमध्ये एक भाग भत्काएर पुनर्निर्माण थालिएको छ। हाल 'फाउण्डेसन'को काम जारी छ। पुलको लागत रु पाँच करोड रु १० लाख ३३ हजार हो।

# गलेश्वर शिवालयमा भक्तजनको घुइँचो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ मंसिर

म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरमा अवस्थित गलेश्वर शिवालय मन्दिरमा बाला चतुर्दशी पर्वको अवसरमा शतबीज छर्न आएका भक्तजनहरूको घुइँचो लागेको छ । गय रातिदेखि नै शिवालय मन्दिरमा महाबत्ती र अखण्डबत्ती बालेर भजनकृतन गाएर जाग्राम बसेका भक्तजनहरूले बिहान कालीगण्डकी नदीमा स्नान गरेर शतबीज छर्न थालेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार, बिहानैदेखि भक्तजनहरूको आगमन बढ्दै गएको छ।

बाला चतुर्दशी पर्वको अवसरमा गलेश्वरधाममा परम्परागत रुपमा शतबीज छर्ने मेला लाग्दै आएको छ। गलेश्वर शिवालय क्षेत्र विकास कोषले मूल समिति र विभिन्न उपसमितिमार्फत सहज रुपमा भक्तजनलाई कालीगण्डकी नदीमा स्नान गरी शतबीज छर्ने र मन्दिरमा दर्शन तथा पूजाआजा गर्ने प्रबन्ध मिलाइएको छ । भक्तजनहरूको शान्ति, सुरक्षा र सहजीकरणका लागि सुरक्षाकर्मी र स्वयंसेवकहरू परिचालन गर्ने तयारी गरिएको छ। विश्वमा एकमात्रै शिला पाइने कालीगण्डकी नदीमा स्नान गर्न आएका तीर्थालुहरूको नदीमा हुनसक्ने सम्भावित जोखिमलाई ध्यानमा नदी किनारमा समेत सशस्त्र प्रहरीको टोली परिचालन भएको छ । गलेश्वर शिवालयमा म्याग्दी, पर्वत, बागलुङ, कास्की, तनहुँ, झापा, भैरवा, चितवनलगायत देशका विभिन्न ठाउँबाट गलेश्वरमा शतबीज छर्नका लागि भक्तजनहरू आएको कोषका अध्यक्ष रेग्मीले बताउनुभयो । परापूर्वकालदेखि नै गलेश्वर शिवालयमा बाला चतुर्दशी पर्वको अवसरमा शतबीज छर्ने परम्परा र संस्कृति रहेको र शतबिज छर्दा पितृहरूको उद्धार भई पुन्य लाभ हुने जनविश्वास रहेको पर्वतको पाङबाट शतबीज छर्न आउनुभएका कपिलामणि शर्मा बास्तोलाले बताउनुभयो । हरेक वर्ष मङ्सिर कृष्ण चतुर्दशीका दिन भगवान् शिवजीलाई खुसी बनाउन जौ, धान, तिल, गहुँ, तोरी, मास, केराउ, लावा, मुला, ज्यामिर, उखु, सखरखण्ड, पिँडालुलगायतका सय जातिका अन्न तथा कन्दमूलहरू शतबीजका रूपमा छर्ने गरिन्छ । शतबीज छर्नाले भगवान् शिवजी खुसी खुसी र अर्को जुनीको लागि खेती हुने भएकाले यसको धार्मिक र शास्त्रीय महत्व रहेको गलेश्वर धाममा शतबीज छर्न आउनुभएका भक्तजन तीर्थलाल शर्माले बताउनुभयो । शतबीज छर्नाले मृतकले जीवित अवस्थामा गरेका सम्पूर्ण पाप नाश हुने जनविश्वाससमेत रहेको छ। गलेश्वरधाममा लाग्ने धार्मिक मेलाहरूमध्ये बाला चतुर्दशीमा शतबीज छर्ने मेलालाई महत्वका साथ लिने गरिन्छ। यस वर्ष बाला चतुर्दशी पर्वमा गलेश्वरमा करिब ३० हजार भक्तजन आउने अनुमान गरिएको छ । कालीगण्डकी नदी किनारमा एउटै नौ रोपनी चक्रशिलामा अवस्थित गलेश्वर शिवालय मुक्तिनाथ प्रवेशद्वारको रुपमा रहेको छ भने विश्वकै अलौकिक तीर्थस्थलको रुपमा समेत परिचित छ।

# तनहुँमा एक करोड बराबरको धानबालीमा क्षति

**पोखरापत्र संवाददाता**
दमौली, ३ मंसिर

हालैको वर्षाले तनहुँमा रु एक करोड बराबरको धानबालीमा क्षति भएको छ । कृषि ज्ञान केन्द्रकाअनुसार जिल्लाको धानबालीमा रु एक करोड तीन लाख ७३ हजार पाँच सय ४१ बराबरको क्षति भएको छ।

जिल्लाका घिरिङ, म्याग्दे, आँबुखैरेनी गाउँपालिका र व्यास नगरपालिकाको तीन सय तीन मेट्रिक टन धानमा क्षति पुगेको छ । घिरिङमा रु चार लाख ८६ हजार, म्याग्देमा रु १४ लाख ६० हजार, आँबुखैरेनीमा रु २६ लाख ८२ हजार ९४३ र व्यास नगरपालिकामा रु ५७ लाख ४४ हजार ५९७ बराबरको क्षति भएको हो । घिरिङमा ९.८ हेक्टरमा १८.२ मेट्रिक टन, म्याग्देमा १०.६२ हेक्टरमा ४२.१६ मेट्रिक टन, आँबुखैरेनीमा १९.५१ हेक्टरमा ७७.४७ मेट्रिक टन र व्यास नगरपालिकामा ९५.८ हेक्टरमा १६५.८८ मेट्रिक टन धानमा क्षति भएको छ । तनहुँका विभिन्न भागका आठ हजार ७२० हेक्टरमा धानखेती हुने गरेको छ।

केन्द्रका अनुसार आव २०८०/८१ मा सात हजार ६४२ हेक्टरमा खेती गरिएकामा आठ हजार ७२० मेट्रिक टन धान उत्पादन भएको थियो । तनहुँमा राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुर,लगायतका धानखेती हुने गरेको छ । जिल्लाका तनहुँसुर, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली,आँबुखैरेनी,साँगेलगायत क्षेत्र धानखेतीका लागि प्रख्यात छ। तनहुँमा खेतीयोग्य जमिनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर छ । एकाउन्न हजार ५१० हेक्टरमा मात्र खेती भइरहेको छ।

**विमालेख हरायो**

यहि मिति २०८२/०६/१५ गते हेम्जाबाट पोखरा न्यूरोड जाने क्रममा साविक सानिमा लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नामः सावित्री क्षेत्री
विमालेख नं. ४१५०००००००३८१
सम्पर्क नं.
९७६२५५४९३६, ०६१-५५३६५२

# प्रतिभा माविमा 'स्पोर्टस् फेस्ट' शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर




पोखराको नदिपुरमा रहेको प्रतिभा माध्यमिक विद्यालयको वार्षिक कार्यक्रम अनुसार स्पोर्टस् फेस्ट २०८२ को औपचारिक शुभारम्भ बुधबार गरिएको छ।

दुई साता चल्ने स्पोर्टस् फेस्टमा हरियो, रातो, पहेंलो र निलो गरी सदनात्मक रुपमा विद्यार्थीले प्रतिष्पर्धामा भाग लिनेछन् । विद्यालयका पूर्वप्राथमिकदेखि कक्षा १० सम्मका विद्यार्थीहरुले विभिन्न खेलहरुमा प्रतिष्पर्धा गर्नेछन्।

स्पोर्टस् मीटको प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमले उद्धाटन गरे । उनले खेलकुदले विद्यार्थीलाई सामूहिक भावनाको विकास, प्रतिस्पर्धात्मक क्षमताको विकास, अनुशासन पालना गर्न सघाउने बताए। अध्यक्ष गौतमले प्रतिभा माविले शिक्षासँगै खेलकुद तथा अतिरिक्त क्रियाकलापमा गरेको प्रगतिको प्रशंसासमेत व्यक्त गरे।

विद्यालय सञ्चालक समितिका अध्यक्ष नारायण पौडेलले गुणस्तरीय शिक्षामा मुलुककै अग्रणी विद्यालयमा स्थापित प्रतिभाले खेलकुद तथा रचनात्मक गतिविधिमा पनि आफूलाई अग्रपंक्तिमा उभ्याएको बताए । 'खेलकुदले अनुशासन पक्षलाई बलियो बनाउँछ। खेलकुद स्वस्थ जीवन बनाउने आधार हो,' पौडेलले भने, 'खेलकुदबाटै जीवनलाई अघि बढाउने अवसर पनि छ । त्यसैले खेलकुदलाई विद्यालय तहमै प्राथमिकता दिने गरिएको छ।' विद्यार्थीभित्र लुकेको खुबी देखाउने एउटा अवसर यस्ता खेलकुद कार्यक्रम रहेको उनले बताए।

विद्यालयका प्राचार्य किरण सापकोटाले गुणस्तरीय शिक्षामा प्रतिभा मुलुककै अग्रणी विद्यालयमा स्थापित भइसकेको बताउँदै यहाँको खेलकुदमा पनि विद्यालयको स्थान अगाडि रहेको बताए। 'प्रतिभाले खेलकुद तथा रचनात्मक गतिविधिमा पनि अग्रपंक्तिमा उभ्याएको छ। मानव स्वास्थ्यका लागि महत्वपूर्ण खेलकुद क्षेत्रलाई पनि विद्यालयले उत्तिकै प्राथमिकता दिएको छ।' - सापकोटाले भने। विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख प्रकाश अधिकारीले सञ्चालन गरेको कार्यक्रममा सहप्राचार्य प्रदीप खनालले हाउस क्याप्टेनहरूलाई सपथ खुवाएका थिए।

स्पोर्टस् मिटमा व्यक्तिगत स्पर्धातर्फ कक्षागत रुपमा दौडलगायतका प्रतिष्पर्धा तथा सामूहिक स्पर्धातर्फ अन्तरसदनात्मक रुपमा बास्केटबल, भलिबल, फुटबल, रिले दौडलगायतका प्रतिस्पर्धा हुने विद्यालयले जनाएको छ।

विद्यार्थी तथा खेलाडीहरुको मनोबल उच्च बनाउनका साथै बालबालिकाका प्रतिभालाई प्रस्फुटन गर्न विद्यालयले आर्थिक सहयोग समेत गर्दै आएको छ । सन्दिप लामिछाने, अरुणा शाही, ज्ञानेन्द्र मल्ल जस्ता खेलप्रतिभालाई विद्यालयले ठूलो समारोहबीच जनही एक लाखले सम्मान गरिसकेको छ। मानवीय विपद, सामाजिक सेवामासमेत विद्यालय अग्रपंक्तिमा छ। प्रतिभा गुणस्तर मापन आइएसओ प्राप्त विद्यालय पनि हो।

# देशभरको मौसम सफा रहने पूर्वानुमान

**पोखरापत्र संवाददाता**
काठमाडौं, ३ मंसिर

हाल देशभर कुनै उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार बुधबार दिउँसो कोशी, वाग्मती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहनेछ । कोशी प्रदेशका हिमाली भागका एकदुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ। बुधबार काठमाडौं उपत्यकाको अधिकतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस रहनेछ । आज बिहान ५:३० बजे यहाँको न्यूनतम तापक्रम ९.४ डिग्री सेल्सियस मापन गरिएको थियो । महाशाखाका अनुसार काठमाडौं उपत्यकामा क्रमशः चिसो बढ्दै गएको छ।

# घार्मीको ओमकारेश्वर महादेव मन्दिर परिसरमा शतबीज छरियो

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर



पोखराका शिव मन्दिर परिसरमा दिवङ्गत पितृको मोक्षको कामना सहित सतबीज छरिएको छ ।सतबीज छर्न अधिकांश शिव मन्दिर परिसरमा सवैरै देखि भक्तजनको भीड लागेको थियो।

धार्मिक पर्यटकिय स्थल घार्मीमा बालाचतुर्दशी पर्व धुमधामका साथ मनाइएको छ । पोखरा महानगरपालिका वडा नं १९ घार्मीस्थित मणिमा रहेको ओमकारेश्वर महादेव मन्दिर परिसरमा सयौं भक्तजनको सहभागितामा सद्बिज छरेर बालाचतुर्दशी पर्व मनाईएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ढुण्डिराज पौडेलले जानकारी दिए। विभिन्न ध्वजा पताका र तोरणले सजिएको मन्दिरमा सद्बिज छर्न र दर्शनका लागि विहानै देखि भक्तजनको भीड लागेको थियो।

रूद्री पुजा गरिसकेपछि मात्रै सद्बिज छर्ने धार्मिक परम्परा भएपनि विहानैदेखि भक्तजनको भिड लागेको स्थानीय प्रेम बहादुर जिसीले जानकारी दिए। स्थानीय नारायण प्रसाद पौडेलको घरबाट विधिपूर्वक पूजा आजा गरि निकालिएको फुलको डोली बाजा गाजा र भजन किर्तन सहित विभिन्न भागको परिक्रमा गरी मन्दिर परिसरमा पुर्याइएको थियो। फुलको डोली निकाल्दा र बोक्दा मनले चिताएको इच्छा पूरा हुने जनविश्वास रहिआएको छ ।त्यस क्षेत्रमा सद्बिज छर्न लामाचौर, बाटुलेचौर, हेम्जा, अर्मला,कुरेचौर,हरिपाउँ,पुरन्चौर लगायतका क्षेत्रबाट भक्तजन आउने गरेको होटल व्यवसायी हिमलाल पौडेल अभिशेकले बताए।सो धार्मिक मेलामा विश्व हिन्दु महासंघ पोखरा १९ , भुमे मैदान भजन समुह र स्थानीय युवाले दिनभर भजन किर्तन गरी सहभागी भक्तजनलाई मनोरञ्जन समेत दिएका थिए ।स्थानीय आमा समूहले भक्तजनका लागि पानी तथा प्रसादको व्यवस्थापन गरेका थिए। पछिल्लो समयमा विभिन्न व्यक्ति, संघ संस्थाको सहयोगमा मन्दिरलाई व्यवस्थित र नियमित रूपमा पुजाआजा गरिएको समितिका कोषाध्यक्ष तेजेन्द्र पौडेलले जानकारी दिए ।शतबीज छर्नाले भगवान् शिवजी खुसी हुने र अर्को जुनीको लागि खेती हुने भएकाले यसको धार्मिक र शास्त्रीय महत्व रहेको पण्डित गुरुदत्त लामिछानेले बताए ।शतबीज छर्नाले मृतकले जीवित अवस्थामा गरेका सम्पूर्ण पाप नाश हुने जनविश्वास समेत रहेको स्थानीय अनिता बराल पौडेलले बताईन् ॥

यसैबिच पोखरा १६ को घार्मीखोलास्थित सर्वेश्वर शिव मन्दिरमा पनि धुमधामका साथ बालाचर्तुदशी पर्व मनाईएको छ । मन्दिर स्थापना भएपछि पहिलो पटक आयोजित धार्मिक कार्यक्रममा सहभागि भक्तजनले आफ्ना दिवंगत पितृको सम्झनामा सतबीज छरेको पण्डित प्रकाश भट्टराइले जानकारी दिए।

# 'मौरिस हर्जोग' पदमार्गका अस्थायी पुलमा आलोपालो आवतजावत गर्नुपर्ने अवस्था

**सन्तोष गौतम**
म्याग्दी, ३ मंसिर

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा व्यवस्थित झोलुङ्गे पुल नहुँदा आवत जावतमा समस्या भएको छ।

नयाँ पर्यटकीय गन्तब्यको रुपमा विकास भएको उक्त पदमार्गको नारच्याङ-हुमखोला खण्डको कच्चि सडक र हुमखोला-आधारशिविर खण्डमा रहेका अस्थायी पुल (साँघु र फड्के) हरुको स्तरोन्नति गर्नुपर्ने भएको छ। पदयात्रीहरुको चाप बढेपछि अस्थायी पुलमा आलोपालो गरेर हिड्नुपर्ने अवस्था आएको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताउनुभयो।

स्थानीय सिप र प्रविधिको प्रयोग गरेर निर्माण भएको अस्थायी पुललाई पर्यटकको चापसँगै स्तरोन्नति गर्नुपर्ने भएको उहाँले बताउनुभयो। पुलमा काठको फ्ल्याक बिछ्याइएको छ। लठ्ठाहरु हल्लिदाँ वारपार गर्न जोखिम भएको हो। भारी बोकेर पुल तर्न गाहे हुने गरेको छ। पुलको दायाँबाया जाली पनि छैन्। कतिपय ठाउँमा काठका साघुबाट खोला तर्नुपर्छ।

हुमखोला, फुतफुते झरना, रेडवाटर फल, सुनखोला र पञ्चकुण्डमा रहेका काठे पुल परिवर्तन र स्तरोन्नति गर्नुपर्ने देखिएको हो। पञ्चकुण्ड तालको छेउबाट आधार शिविर जाने बाटोमा खोलामाथी राखिएको काठमा हिउँ जम्ने र चिप्लने समस्या छ। अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा पदमार्गको प्रवेशबिन्दुमा पर्ने हुमखोलामा ६० मिटर लामो झोलुङ्गे पुल निर्माणको तयारी गरेको जनाएको छ। गाउँपालिकाका सवइञ्जिनियर बालकृष्ण पौडेलले सामग्रीहरु खरिद भइसकेको पुल निर्माण गर्न उपभोक्ता समिति गठन र सम्झौतापछि काम अघि बढाउने बताउनुभयो। फुतफुते झरनामा झोलुङ्गे पुल बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो। पृष्ठभूमिमा झरनाहरु अवलोकन गर्दै तस्विर, भिडियो खिच्ने ठाउँ समेत रहने गरेर पुल बनाउन डिजाइन गरिएको उहाँले बताउनुभयो।



अन्य ठाउँमा पुल बनाउनका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरेको गाउँपालिकाले जनाएको छ। हालै मौरिस हर्जोग पदमार्ग भएर अन्नपूर्ण आधार शिविरको भ्रमण गरेर आएका गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले झोलुङ्गे पुल, खानेपानी, सञ्चार, विद्युत सुविधा विस्तार र पदमार्ग स्तरोन्नतिका लागि सरकारसँग पहल गर्ने प्रतिवद्धता जनाउनुभयो। समुन्द्रि सतहदेखि चार हजार एक सय ५० मिटर उचाईमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दुरिमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाईमा परेको छ। असोज र कात्तिक महिनामा करिब १५ हजार जनाले आधार शिविरको भ्रमण गरेका अन्नपूर्ण गाउँपालिका-४ का वडा अध्यक्ष लोकबहादुर पुनले बताउनुभयो।

नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ। दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकीङका पथप्रदर्शक लाक्पा आङ्वु शेर्पाले बताउनुभयो। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ। दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ।

नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो। सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले वि.स. २०७७ मा नक्साङ्कन र 'मौरिस हर्जोग' नामाकरण गरेको थियो।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस र लुईस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो। आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। वि.स. २०७७ मा भएको अन्नपूर्ण महोत्सव र गत जेठमा अन्नपूर्ण आरोहणको हिरक जयन्तिले पदमार्ग, हिमाल र आधार शिविरकोप्रचार गर्न सहयोग पुगेको छ। पदमार्गको प्रवेशबिन्दुमा पर्ने नारच्याङमा सन् २०१२ आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरको बारेमा जानकारी गराएपछि स्थानीयबासीहरुको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरुङले बताउनुभयो।

# भगवतीका विद्यार्थीलाई स्टेसनरी तथा नगद वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ३ मंसिर

अन्नपूर्ण ९, तिखेढुङ्गास्थित श्री भगवती माध्यमिक विद्यालयमा बुधबार कमसार्की-सुनकुमारी गुरुङ एजुकेसन फाउन्डेसन ट्रष्टले विद्यार्थीलाई स्टेसनरी एवम् शैक्षिक सत्र २०८१ मा कक्षागत रुपमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गरेको छ।

फाउन्डेसन ट्रस्टका संस्थापक रामबहादुर गुरुङले विगत ११ वर्ष देखि आफ्ना बुबाआमाको स्मृतिमा वर्षेनी उक्त विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग तथा नगद पुरस्कार प्रदान गर्दै आएको बताए। उनले विद्यार्थीहरुलाई शिक्षामा थप उत्प्रेरित गर्न आफूले व्यक्तिगत रुपमा विगतदेखि हालसम्म सहयोग गर्दै आएको र यसरी नै आगामी दिनमा समेत विद्यालयको थप प्रगति हेर्न चाहेको कुरा व्यक्त गरे।

कक्षा ४ बाट ११ सम्म प्रत्येक कक्षाबाट २.८ जिपिए वा सो भन्दा माथिल्लो जिपिए ल्याई उत्तीर्ण हुन सफल विद्यार्थी मध्ये प्रथमलाई तीन हजार, द्वितीयलाई दुइ हजार र तृतीयलाई एक हजार नगद सहित प्रमाणपत्रबाट १६ जना विद्यार्थीलाई पुरस्कृत गरिएको थियो। उक्त कार्यक्रममा कक्षा १ देखि ३ सम्म अध्ययन गर्ने विद्यार्थीहरु मध्ये सर्वोकृष्ट नतिजा प्राप्त गर्ने रेनुका विक, उत्कृष्ट सरसफाईमा मुस्कान विक



तथा उत्कृष्ट हाजिरीमा सोफिन पुन र करुणा विक पुरस्कृत हुन सफल भएका थिए। उक्त कार्यक्रममा नै सावेत युके मिलन समाजको तर्फबाट प्रदान हुने एसईईमा उत्कृष्ट नतिजा ल्याउने ३ जना विद्यार्थीलाई जनही २० पाउन्डका दरले नगद पुरस्कार समेत वितरण गरिएको थियो।

पुरस्कृत विद्यार्थीलाई पुरस्कार वितरण सँगै विद्यालयमा भएका ११४ विद्यार्थी तथा १९ जना शिक्षकहरुलाई स्टेसनरी वितरण गरिएको कार्यक्रममा बोल्दै विद्यालयका आर्थिक समिति संयोजक मे. हितमान गुरुङले स्व. कमसार्की परिवारले यो विद्यालय मात्रै नभई समाज र देशलाई समेत योगदान गर्दै आएको कुरा बताए। विद्यालयका प्रधानाध्यापक कीर्तिराज ढकालले धर्म गर्न मन्दिरमा भन्दा पहिले विद्यालय जानुपर्ने र शिक्षामा गरिएको लगानी वर्तमानका लागि मात्रै नभई भविष्यका लागि समेत भएको बताए। उनले अहिलेको समाजका धेरै व्यक्तिले आफ्ना सन्ततीको मात्र चिन्ता लिने गरेको समयमा आफ्ना स्वर्गीय बुबाआमाको स्मृतिमा शिक्षा क्षेत्रमा यति ठूलो र निरन्तर सहयोग गरेकामा फाउन्डेसन प्रति कृतज्ञता प्रकट गरे।

कार्यक्रमको अध्यक्षता गरेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश गुरुङले विद्यालयको स्वर्ण जयन्ति वर्ष चलिरहेको र यो महोत्सवलाई सबै पक्षबाट सफल पार्न दाताहरुको सहयोग समेत आवश्यक हुने बताए। उनले माटो सुहाउँदो शिक्षा दिनका लागि विद्यालयले प्रयास गरिरहेको र निकट भविष्यमा सरकारी निकायबाट आवश्यक दरबन्दी पाएमा कक्षा ११, १२ मा व्यवस्थापन र होटल व्यवस्थापनका विषयहरु समेत पढाउने कुरामा आफू सकारात्मक रहेको बताए।

कक्षा ७ कि विद्यार्थी जसमिना गुरुङले धन्यवाद मन्तव्य राखेको उक्त कार्यक्रमको सञ्चालन शिक्षक खेमबहादुर पुनले गरेका थिए।

# माउन्ट अन्नपूर्णका विद्यार्थी फिष्टेल लजमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ मंसिर

पोखरा ३ नदीपुर भिसी मार्गमा रहेको माउन्ट अन्नपूर्ण माविका विद्यार्थीले फिष्टेल लजको अवलोकन गरेका छन्।

बुधबार बिद्यालयको कक्षा १२ मा अध्यनरत विद्यार्थीले पोखराको लेकसाइडमा रहेको लजको अवलोकन गरेको प्रशासक चित्र गुरुङले बताए। विद्यार्थीलाई नियमित रुपमा होटल तथा रिसोर्टको अवलोकन तथा अध्ययन गर्ने योजना अन्तर्गत कार्यक्रम आयोजना गरिएको गुरुङले उल्लेख गरे।

अवलोकनको लागि १ सय विद्यार्थी त्यहाँ पुगेका थिए। विद्यार्थीलाई होटलका बिभिन्न डिपार्ट, फ्रन्ट अफिस विभाग, हाउस किपिङ विभाग, फुड



एन्ड बेभरेज विभाग, प्रोप्रटि र सर्भिसको बारेमा लजका पब्लिक रिलेसन अफिसर हेलेन थापाले जानकारी गराएका थिए। अबलोकन पश्चात बिद्यार्थीहरुले अब उक्त लजको बारेमा रिर्पोट तयार पार्ने र प्रयोगात्मक परिक्षाको लागि अवलोकन आवश्यक भएको होटल ब्यवस्थापनका शिक्षक सन्दिप थापाले बताए। अवलोकन कार्यक्रममा बिद्यालयका प्रार्चय सइन्द्रराज श्रेष्ठ,प्रशासक गुरुङ, होटल ब्यवस्थापनका शिक्षकहरु सन्दिप थापा, शिवराज काफ्ले, लेखा प्रमुख नवराज शर्माको सहभागिता रहेको थियो। माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट र माउंटेनियरिङ बिषयमा कक्षा १२ सम्म पढाइ हुन्छ। यो गण्डकी प्रदेशकै निजी स्तरबाट सञ्चालित पहिलो स्कुल हो।

# बहुवर्षिय मझौला आयोजनाको ३६ प्रतिशत वित्तीय प्रगति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ मंसिर

स्याङ्जा जिल्लामा संचालित बहुवर्षिय मझौला आयोजनाको ३६ प्रतिशत वित्तीय प्रगति भएको छ। आर्थिक वर्ष २०८०/८१ मा र पछिल्लो वर्ष सम्झौता भएका पाँच करोडसम्मका १५ वटा मझौला आयोजनाको चालु आर्थिक वर्षको पहिला चौमासिक (साउन-कात्तिक) अवधिसम्म समग्रमा ३६ प्रतिशत वित्तीय प्रगति भएको हो।

जिल्लामा बहुवर्षिय मझौला आयोजनामा सडकतर्फका ९, सडक पुलअर्न्तगत एक र झोलुङ्गे पुल कार्यक्रममा पाँच वटा संचालनमा छन्। १५ आयोजनालाई विनियोजित कुल ३६ करोड ७७ लाख २४ हजार बजेटमध्ये १३ करोड २४ लाख ८६ हजार रुपैयाँ खर्च हुँदा समग्रमा हालसम्म ३६ प्रतिशत वित्तीय प्रगति भएको पूर्वाधार विकास कार्यालय स्याङ्जाले जनाएको छ।

सडकतर्फका आयोजनालाई ३० करोड ३१ लाख ८७ हजार विनियोजन भएकोमा १२ करोड ३० लाख ४४ हजार खर्च हुँदा ४१ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। सडक पुलअर्न्तगत विनियोजित तीन करोड १९ लाख ९४ हजारको झण्डै ९ प्रतिशत अर्थात २७ लाख ५० हजार खर्च भएको छ भने झोलुङ्गे पुल कार्यक्रममा विनियोजित तीन करोड २५ लाख ४१ हजारमध्ये ६७ लाख दुई हजार खर्च हुँदा करिब २१ प्रतिशत वित्तीय प्रगति भएको कार्यालयले जानकारी दिएको छ। सबै आयोजनाको म्याद चालु आर्थिक वर्षको असार मसान्तसम्म रहेको पूर्वाधार कार्यालयका प्रमुख इन्जिनियर दयाराम अधिकारीले बताए। 'सडक पुल आयोजनाको तुलनामा सडक आयोजनाहरुको प्रगति राम्रो भएको छ।' इन्जिनियर अधिकारीले भने, 'झोलुङ्गे पुल कार्यक्रमका पाँच आयोजनामध्ये पहिलो चौमासिक अवधिमै दुई वटा आयोजनाको काम शतप्रतिशत सकिएको छ।' आर्थिक वर्ष २०८०/०८१ मा सम्झौता भएको मन्डलीथान-किनारे धुरकोट-ठाँटीभञ्ज्याङ छाप हुँदै दामाचौर जोड्ने सडकको ७६ प्रतिशत प्रगति हुँदा बायाँटारी-सेतीबेनी जोडिने सडक आयोजनाको ७५ प्रतिशत वित्तीय प्रगति भएको छ। गल्याङ नगरपालिकाको जिमुवा-कर्मचौर पाखिचौर सडक खण्डको ६४ प्रतिशत वित्तीय प्रगति हुँदा अर्जुचनौपारी-रापाकोट सडकको ३५ प्रतिशत वित्तीय प्रगति देखिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

त्यसैगरी आर्थिक वर्ष २०८१/८२ बाट संचालित भीरकोट नगरपालिका-७ को बलमाटा-चिद्याहार हुँदै खिलुङ जोड्ने सडकको ४३ प्रतिशत हुँदा चापाकोट नगरपालिकाको मण्डलीथान-किनारे भञ्ज्याङ हुँदै दिसिङ्कोट-दामाचौर सडक आयोजनाको १९ प्रतिशत वित्तीय प्रगति भएको छ। वालिङको वीपीचोक-काफ्लडाँडा सडकको १८ प्रतिशत वित्तीय प्रगति भएको छ भने पुतलीबजारको मालेबगर-न्वारभञ्ज्याङ हुँदै दरौ-सिरुबारी जोडिने मोटरबाटोको १६ प्रतिशत प्रगति र ढडुवा-ठूलाडिही मसर्का हुँदै मोहरिया-दुलेगौडा सडक आयोजनाको १५ प्रतिशत वित्तीय प्रगति भएको छ।

सडक पुलतर्फको फेदीखोला गाउँपालिकाको पैरे-खत्रीरह बाख्रे-तिलस्वाँरा ग्रामीण सडकको पुलका लागि विनियोजित तीन करोड १९ लाख ९४ हजारको झण्डै ९ प्रतिशत अर्थात २७ लाख ५० हजार रुपैयाँ मात्रै खर्च भएको कार्यालयले जनाएको छ। गएको वर्ष सम्झौता भएको पुल आयोजनाको पहिलो किस्ताको रकम भुक्तानी गरिएको कार्यालयका इन्जिनियर शिवजी ढुङ्गानाले बताए। गएको आर्थिक वर्षको अन्त्यमा सम्झौता भएको झोलुङ्गे पुल कार्यक्रमका पाँच आयोजनामध्ये पुतलीबजार नगरपालिकाको नारायणथान-मजुवा र चापाकोट नगरपालिकाको मादी बकोनटार-कसेनी झोलुङ्गे पुलको काम पाँच महिनामा शतप्रतिशत सकिएको छ। हरिनास गाउँपालिकाको आडबिसे-बुम्दी ललैहीको ९५ प्रतिशत वित्तीय प्रगति भएको छ भने चापाकोटको घुर्लेचौर-चिलौदीखोला र बिरुवाको चराँग-साउन्दी धुवादीखोला झोलुङ्गे पुल आयोजनाको काम भर्खर शुरु भएको पूर्वाधार कार्यालय जनाएको छ।

जिल्लामा एक करोडसम्मका साना पूर्वाधारका दर्जनौ योजनाहरु निर्माणको तयारी गरिएको छ। केहि योजनाको निर्माण प्रक्रिया शुरु भएको छ भने कतिपय योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको कार्यालयले जनाएको छ। पूर्वाधारका गतिविधिले जीवनस्तरमा सुधार, यातायातमा सहजता र पर्यटन क्षेत्रको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पूर्वाधार कार्यालयको भनाई छ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**बिरौटादेखि पृथ्वीचोक जाने क्रममा सम्राट सुवेदीको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं।**

Name: Samrat Subedi
Registration No: 724022244
Migration Serial No : 105477
Date of Issue : 2073/10/10 BS
Address: Putalibazar-13, Syangja
Name of the school: Greenfield National Secondary School, Sitapaila, Kathmandu
**सम्पर्क नं.:** 9708734177


# कक्षाकोठा बनेपछि हट्यो बार्दलीमा पढाउनुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ मंसिर

बालमैत्री घोषित भीरकोट नगरपालिकाको गडी भञ्ज्जाङ्ग आधारभूत विद्यालयको बार्दलीमा विद्यार्थी पढाउनु पर्ने बाध्यताको अन्त्य भएको छ। भीरकोट नगरपालिका-५ स्वरेकस्थित गडीभञ्ज्याङ्को विद्यालयमा दुई कोठे नयाँ भवन बनेपछि लामो समयदेखि बार्दली र सिंढीमा पढाउनुपर्ने बाध्यताको अन्त्य भएको हो।

२०७२ सालको भूकम्पले विद्यालय भवनमा क्षति पुगेपछि केही समय त्यही पुरानो भवनमा टिनले बारेर भएपनि पठनपाठन गरिएको थियो। बर्खाको समयमा त्यो पनि भत्केपछि सिढी र बार्दली नै कक्षाकोठाको रूपमा प्रयोग गरिएको थियो। शिशुदेखी कक्षा तीनसम्म पढाइ हुने गडी भञ्ज्याङ्ग आधारभूत विद्यालयमा कक्षाकोठाको अभावमा सात वर्षसम्म सिढी र बार्दलीमा विद्यार्थी पढाउनुपर्ने बाध्यता थियो। नगरपालिकाका भित्ता र सार्वजनिक स्थान बाल अधिकारका सचेना मूलक सन्देशले भरिए पनि भाषण र प्रचारमा जस्तो गत असारसम्म विद्यालयका विद्यार्थीहरूले बालमैत्री विद्यालयको अनुभूति गर्न पाएका थिएनन्। कक्षाकोठाको अभावमा कक्षा दुई र तीनले बार्दली र सिंढीमा पढ्दै आएका थिए। बर्खाको समयमा भने विद्यालयको कार्यालयमै राखेर पढाउनुपर्ने बाध्यता थियो।

आर्थिक वर्ष २०८१/८२ को असारमा दुई कोठे भवन निर्माण भएपछि बार्दली र सिंढीमा पढाउनु पर्ने बाध्यता अन्त्य भएको विद्यालयका प्रधानाध्यापक सरला विकले बताईन्। नगरपालिकाले कक्षाकोठा निर्माण गर्न पाँच लाख रकम विनियोजन गरेको थियो। पाँच लाख २० हजारको लागतमा टिनले छाएको दुई कोठे भवन निर्माण सम्पन्न भएपछि कक्षा कोठामै पठनपाठन भइरहेको प्रधानाध्यापक विकले जानकारी दिईन्। जनजाति समुदायका विद्यार्थीको बाहुल्यता रहेको विद्यालयमा वालिङ र भीरकोट नगरपालिकाका ४६ जना विद्यार्थीहरु अध्ययनरत छन्। विद्यालयको नाममा ३ रोपनी जग्गा भएपनि बालमैत्री नगरपालिकाको विद्यालयमा प्रार्थना गर्न र खेल्नका लागि खेलमैदान अभाब छ। विद्यालयको आँगनबाटै सडक बनाएपछि विद्यार्थीहरु शौचालय जान समेत सडक पार गरेर जानुपर्ने अवस्था रहेको विद्यालयले जनाएको छ।